# १३

# येशूको अनुयायी हुँदा चुकाउनु पर्ने मोल

*यस अध्यायको निम्ति पढ्नुहोस्:* लूका १२:४९-५३, व्यवस्था २१:१५, १ कोरन्थी ९:२४-२७, मत्ती १८:८,९, यूहन्ना १४:१-३, हिब्रू ११:३२-१२:४।

*स्मरण गर्नुपर्ने पद:* "तिमीहरूको निम्ति हाम्रो आशा अटल छ। हामीहरूले जस्तै तिमीहरूले पनि दुःखकष्ट भोगेका छौ भनेर हामीलाई थाहा छ। त्यही किसिमले जसरी हामीलाई परमेश्वरले सान्त्वना दिनुहुन्छ तिमीहरूलाई पनि दिनुहुन्छ।" (१ कोरन्थी १:७ रूपान्तरित)।

इसाई जगतको इतिहासमा करौंडौं मानिसहरू ख्रीष्टको निम्ति शहिद भएका थिए र भइपनि रहेकाछन्। कतिपय तिनीहरूको नाउँ जानिएको पनि छैन। तिनीहरू झ्यालखानाको कालकोठरीमा थुनेका थिए, कतिपयलाई निर्मम यातना दिएका थिए भने कतिपयको हत्या गरिएको थियो। करौडौं मानिसहरूले आफ्ना जागिरहरू गुमाउनुपरेको थियो भने कतिपय मानिसहरू आफ्ना परिवारहरूबाट छुट्टिनु परेको थियो। धर्मकै नाउँमा इसाई र गैर-इसाईहरूबाट कतिपयले यातना भोगेका थिए। तिनीहरू ती सबै कष्ट तथा सङ्कट पाउन राजी भए तर ख्रीष्टबाट छुट्टिन राजी भएनन्। परमेश्वरका भक्तहरूले पाएका पिडाको विवरण केवल उहाँलाई मात्र थाहा छ।

त्यही सन्दर्भमा पावल र पत्रुसले सचेत त गराएका थिए नैः "साँच्चै भनौं भने जो जो मानिस ख्रीष्टमा धर्मपरायण जीवन बिताउन चाहन्छ तिनीहरूलाई नराम्रोसँग दुरव्यवहार गरिनेछ।" (२ तिमोथी ३:१२ रूपान्तरित)। पत्रुसले भन्दछन्: "तिमीहरूको निम्ति ख्रीष्टले कष्ट भोग्नुभयो। तिमीहरूको निम्ति उहाँ अनुकरणीय उदाहरण बनेर जानुभयो। उहाँको कदममा तिमीहरू पनि हिंडोस् भन्ने उहाँ चाहनुहुन्छ। तिमीहरू पनि कष्ट भोग्न नै चुनिएका हौ।" (१ पत्रुस २:२१ रूपान्तरित)।

येशूका बारेमा प्रचार गर्ने गस्पल वर्करहरू होस् वा कुनै प्रचारकहरू होस्, तिनीहरूले सुन्ने मानिसहरूलाई अनेक किसिमको

सफलता वा सम्पन्न जीवनको कबूल गरेर प्रचार गर्दछन्। तर स्वस्थ शरीर, जागिर, कार, धेरै पैसा आदि हुनुभनेको येशूलाई विश्‍वास गरेर इनाम पाएको भन्ने मनस्थितिबाट हामी सबै जना स्वतन्त्र हुनुपर्दछ।

अन्तमा, ख्रीष्टको पछि लाग्दा वा उहाँलाई हाम्रो मुक्तिदाता भनेर अङ्गाल्दा जुन् मोल वा पिडा तिर्दछौं त्यसको तुलनामा त्यो हाम्रो निम्ति स्वर्गमा साँचिराखेको हामीले पाइने इनामको सामु केही पनि होइन।

## १. मोलको हिसाब गर्नुः सूचीमा सबभन्दा पहिलो (लूका १२:४९-५३)

**येशूको बारेमा प्रचार गर्ने कतिपय मानिसहरूले मिठो वा सापति आश्‍वासन दिँन्छन् र ती आश्वासन पूरा भएन भने कतिपय इसाई हुँ भनेर दावी गर्नेहरू आफू छलमा परेको आभास् पाउँछन् र चर्च पनि छोड्दछन्। कसैलाई लोभमा पारेर धर्मानन्तर (धर्म परिवर्तन) गर्ने काम इसाईहरूले गर्दछन् भन्ने लोकभावनालाई येशूले सरासर कसरी झुठो लाञ्छना हो भनेर देहायका पदहरूले हामीलाई कसरी सिकाउँदछन्? येशूले व्यक्त गर्नुभएका कडा वचनहरूले हामीलाई के भनिरहेका छन्? हेर्नुहोस्ः लूका १२:४९-५३, "म पृथ्वीमाथि आगो खन्याउन आएको हुँ, त्यो त बरु अघिबाटै सल्किसकेको भए हुनेथियो! ५० एउटा बप्तिस्मा छ, जो मैले लिनुपर्नेछ। त्यो पूरा नहोउञ्जेल म अति व्याकुल छु! ५१ के तिमीहरू सम्झन्छौ कि म पृथ्वीमा शान्ति ल्याउन आएँ? होइन, म तिमीहरूलाई भन्दछु, बरु म विभाजन ल्याउन आएँ। ५२ किनभने अब उसो एक परिवारमा पाँच जना एक-अर्कामा विभाजित हुनेछन्, तीन जनाका विरुद्धमा दुई, र दुई जनाका विरुद्धमा तीन। ५३ तिनीहरूमा विभाजन हुनेछ– बाबुको विरुद्धमा छोरा, र छोराको विरुद्धमा बुबा, आमा छोरीको विरुद्धमा र छोरी आमाको विरुद्धमा, सासू आफ्नी बुहारीको विरुद्धमा, र बुहारी त्यसकी सासूको विरुद्धमा।", लूका १४:२४-२७ "तब येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "कोही मेरो पछि आउने इच्छा गर्दछ भने, उसले आफूलाई इन्कार गरोस् र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस्। किनकि जसले आफ्नो प्राण बचाउन चाहन्छ, उसले त्यो गुमाउनेछ, तर जसले आफ्नो प्राण मेरो निम्ति गुमाउँछ, त्यसले त्यो पाउनेछ। सारा जगत् प्राप्त गरेर पनि आफ्नो प्राण गुमायो भने, मानिसलाई के लाभ हुन्छ? अथवा मानिसले आफ्नो प्राणको सट्टामा के**

दिन सक्छ? किनकि मानिसको पुत्र आफ्ना पिताको महिमामा आफ्ना स्वर्गदूतहरूसँग आउनेछ, र त्यस बेला उसले हरेक मानिसलाई त्यसको कामअनुसार प्रतिफल दिनेछ।"  र मत्ती १०:३४-३९  "म पृथ्वीमा शान्ति ल्याउन आएको हुँ भनी नठान। शान्ति ल्याउन होइन, तर तरवार चलाउनलाई म आएको हुँ। ३५ किनकि म मानिसलाई उसका बाबुको विरुद्ध, र छोरीलाई उसकी आमाको विरुद्ध, र बुहारीलाई उसकी सासूको विरुद्ध गराउन आएँ। ३६ मानिसका शत्रु उसको आफ्नो परिवार भित्रकैहरू हुनेछन्।  ३७ "जसले मलाई भन्दा बढ़ी आफ्ना बुबा वा आमालाई प्रेम गर्दछ, त्यो मेरो योग्यको हुँदैन। जसले मलाई भन्दा बढ़ी आफ्ना छोरा वा छोरीलाई प्रेम गर्दछ, त्यो मेरो योग्यको हुँदैन। ३८ जो आफ्नो क्रूस उठाएर मेरो पछि लाग्दैन, त्यो मेरो योग्यको हुँदैन। ३९ जसले आफ्नो प्राण जोगाउँछ, त्यसले त्यो गुमाउनेछ, र आफ्नो प्राण मेरो निम्ति गुमाउनेले त्यो बचाउनेछ।"

येशूले बोल्नुभएका ती वचनहरू आजका सञ्चारमाध्यमहरूले थाहापाएको भए ठूलो हँगामा मञ्चाइसक्थ्ये होला। यदि येशूले ती वचनहरू आज बोल्नुभएको भए शायद टेलभिजन वा सञ्चार माध्यमहरूले यस्तो खबर प्रकाशित गर्ने थियो होला "आज नाजरथको प्रख्यात धार्मिक प्रचारक येशूले परिवारहरूको बीचमा घृणा र झगडा फैलाउन आह्वान गर्नुभयो। त्यो उहाँले आफ्नो दिउँसोको प्रवचनमा भन्नुभएको थियो। अघिल्लो प्रवचन र अर्तिकथाहरूमा उहाँले आफ्ना छिमेकीहरूको बीच सुमधुर प्रेम सम्बन्ध राख्नुपर्छ भन्नुभएको थियो। साथै शत्रुलाई पनि माया गर्नुपर्छ भन्नु भएको थियो। त्यस अभिव्यक्त र आजको अभिव्यक्तलाई वौद्धिक वर्गहरूले तुलनात्मक रूपमा हेरिरहेकाछन्। सुचित पाएका विज्ञहरूले उहाँले पहिला व्यक्त गर्नुभएका कुराहरूमा हेरफेर गर्नुभएको हो कि भनेर अचम्म मानिरहेका छन्। अरुले भनिरहेका छन् कि आफूसँग भएका सबै थोक बेच्न र आम्दानीहरूलाई येशू धर्मलाई सुम्पिन येशूले आह्वान गरिरहनुभएको थियो। त्यसको बारेमा अझ बढि जानकारी पाउन पर्खनुहोस्।"

येशूले प्रयोग गर्नुभएको घृणाको अर्थलाई यदि नियालेर हेर्‍यौं भने बाइबलले स्पष्ट गरेको पाइन्छ। व्यवस्था २१:१५मा मोशाले बहुविवाह गरेका मानिसहरूलाई दिएको व्यवस्था वा नितिको बारेमा छलफल

गरिएको छ। किङ्ग जेम्स बाइबलमा ती उपपत्नी वा पत्नीहरूलाई गरिने व्यवहारको बारेमा यसरी अनुवाद गरिएको छ "एक जनालाईचाहिँ माया गर्ने अर्कोलाई चाहिँ घृणा गर्ने।" अरूलाई भन्दा एक जनालाई वढि माया गऱ्यो भन्दैमा अरूलाई कम अश्वीकार गरेर छोड्न सकिन्दैन भनेर मोशाले औंल्याएइरहेका थिए। न्यस रिभाइज्ड स्टान्डर्ड भर्जन र मोडर्न लाङ्ग्वेज बाइबलमा प्रिय भन्ने शब्दलाई माया भन्ने शव्दमा र घृणा भन्ने शव्द मन नपराउने भनेर अनुवाद गरिएको छ। यहूदी बाइबल टनाख र न्यु अमेरिकन स्टान्डर्डले प्रिय र अप्रिय भनेर अनुवाद गरिएको छ। स्षष्टमा भन्ने हो भने माया गर्ने वा माया नगर्ने भन्नुको अर्थ माया वा प्रेमलाई विभिन्न अर्थमा बुझ्ने कुरो हो। त्यही सन्दर्भमा घृणाको अर्थ कम माया गर्ने हुनसक्छ। मत्ती १०:३७ले त्यस भावनालाई समर्थन गरेको देखिन्छ।

येशूले जे भन्नुभएको थियो त्यो सरल छ, तर त्यसको अर्थ गहिरो र धेरै छ। जब येशूभन्दा परिवारलाई उच्च प्राथमिकता दिइन्छ तब मानिसको जीवनमा उहाँको हालिमुहाली हुँदैन वा उहाँ पन्छिन्छन्। अर्थात् धेरै मालिक वा स्वामीहरूलाई सेवा गर्न सम्भव छैन। परिवारको बीचमा अटल सम्बन्ध हुनुपर्छ भनेर येशूले अनुमोदन गर्नुभएको छ। तर परिवारको गरिमामय सम्बन्धको निम्ति चाहिने बल परमेश्वरबाटै आउँछ जसको जग कसैले पनि हल्लाउन सक्दैन। परमेश्वरलाई माया गर्न सबभन्दा पहिला प्रार्थमिकता पाउनु नै त्यस जगको मूल आधार हो। कसैको जीवनमा परमेश्वर दोस्री स्थान ओगट्न चाहनुहुन्न। येशूभक्त हुनुभनेको वा उहाँको अनुयायी हुनु भनेको उहाँलाई सतप्रतिसत आफ्नो बफादारी सुम्पनु हो। त्यो भन्दा कमसल उहाँको निम्ति मान्य छैन।

**परिवार र सबै थोक भन्दा हाम्रो जीवनमा खीष्टलाई हामीले कसरी प्राथमिकता दिने? हाम्रो जीवनमा येशूलाई सर्वोच्च ठान्नुको अर्थ के हो? त्यसो गर्नाले कस्ता मोलहरू चुकाउनु पर्दो रहेछ, सोच्नुहोस्।**

## २. आफ्नो क्रुस आफैले बोक्नु (लूका १४:२७)

चेलापन हुनु, येशूभक्त हुनु वा येशूको अनुयायी हुनु भनेकै येशू खीष्टलाई आफ्नो स्वामी र मुक्तिदाता मान्नु हो। उहाँको पछि लाग्नु

भनेकै उहाँले गर्नुभएको दुःखकष्टलाई आफूले पनि भोग्न राजी हुनु हो। त्यसकारण जब हामी सुसमाचार सुनाउँछौं त्यसमा हामी इमान्दारी हुनुपर्छ र स्पष्ट हुनुपर्छ। हामीले दिने सन्देशमा कुनै पनि चाप्लुसी लुकाउनु हुन्न। विश्वासबाट जिउने धार्मिक सत्यहरूको महिमा र सुन्दरता, ख्रीष्टको उदारता र क्षमाशीलता, येशूको छिटो आगमन, स्वर्गका अचम्म कुराहरू र परमेश्वरको अनुग्रहको बारेमा हामीले सिकाउनै पर्छ।

तर विश्वासीहरूले परमेश्वरको सन्देश सिद्धरूपमा प्रचार गर्न चाहन्छ भने आफूले बोक्नुपर्ने आफ्नो क्रुसलाई पन्छाउन सक्दैन। यो दुःखलाग्दो कुरो छ कि विश्वास गर्ने मानिस चुप लागेर बस्नु हुँदैन तर क्रियाशील हुनुपर्छ भनेर सिकाउँदा कतिपयले त्यस्तो शिक्षा जडसूत्रवाद अर्थात् विधिवादी हुन् भनेर आरोप गर्दछन्। "परमेश्वरको अनुग्रहले सबै थोक गर्नुभयो। र मानिसले केही गर्नुपर्दैन तर ग्रहण गर्नुमात्र हो।" भनेर तिनीहरूले धाक लगाउँछन्। तर त्यस कुरामा येशूले असहमत जनाउनुभएको हामी पाउँछौं।

**येशूलाई पछ्याउँदा हामीले कस्तो मोल चुकाउन तयार हुनुपर्छ भनेर देहायका पदहरूले कसरी सिकाउँछन्, हेर्नुहोस्ः मत्ती १६:२१-२५ "उहाँ कसरी यरूशलेममा जानुपर्छ, र धर्म-गुरु र मुख्य पूजाहारीहरू र शास्त्रीहरूबाट धेरै कष्ट भोग्नुपर्छ, मारिनुपर्छ र तेस्रो दिनमा जीवित भइउठ्नुपर्छ भनी उहाँले त्यस बेलादेखि आफ्ना चेलाहरूलाई बताउन थाल्नुभयो। २२ पत्रुसले उहाँलाई एकातिर लगेर हप्काउन लागे, "परमेश्वरले यसो नगरून्, प्रभु, तपाईंमाथि यस्तो कहिल्यै हुनेछैन।" २३ तर फर्केर उहाँले पत्रुसलाई भन्नुभयो, "ए शैतान, मेरो सामुन्नेबाट हटिजा, तँ मेरो निम्ति बाधा होस्। किनभने तँ परमेश्वरका कुरामा होइन, तर मानिसहरूका कुराहरूमा ध्यान दिन्छस्।" २४ तब येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "कोही मेरो पछि आउने इच्छा गर्दछ भने, उसले आफूलाई इन्कार गरोस् र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस्। २५ किनकि जसले आफ्नो प्राण बचाउन चाहन्छ, उसले त्यो गुमाउनेछ, तर जसले आफ्नो प्राण मेरो निम्ति गुमाउँछ, त्यसले त्यो पाउनेछ। २६ सारा जगत् प्राप्त गरेर पनि आफ्नो प्राण गुमायो भने, मानिसलाई के लाभ हुन्छ? अथवा मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ?", लूका**

२१:१२-१९ "तर यी सबै कुराहरू हुन अघि, मानिसहरूले तिमीहरूलाई पक्रनेछन्, र सताउनेछन्, र तिमीहरूलाई सभाघरहरूमा सुम्पिदिनेछन्, र झ्यालखानमा हालिदिनेछन्। तिमीहरूलाई मेरो नाउँको खातिर राजाहरू र हाकिमहरूका सामुन्ने पुऱ्याउनेछन्। १३ तर तिमीहरूका लागि यो एउटा गवाही दिने अवसर हुनेछ। १४ यसकारण आफ्नो बचाउको निम्ति के भन्ने हो सो अघिबाट सोच्नेछैनौं भनी आफ्ना मनमा पक्का गर। १५ किनभने म तिमीहरूलाई यस्तो बोल्ने मुख र बुद्धि दिनेछु, कि तिमीहरूका विरोधीहरूले प्रत्युत्तर दिन सक्नेछैनन्, अनि खण्डन गर्न पनि सक्नेछैनन्। १६ तर तिमीहरूका आमा-बुबा र दाजुभाइहरू, नातेदारहरू र मित्रहरूले पनि तिमीहरूलाई पक्राइदिनेछन्, र तिमीहरूमध्ये कोही-कोहीलाई तिनीहरूले मार्नेछन्। १७ मेरो नाउँको खातिर तिमीहरूलाई सबै मानिसहरूले घृणा गर्नेछन्।१८ तर तिमीहरूका शिरको एउटा केश पनि नष्ट हुनेछैन। १९ तिमीहरूको धैर्यद्वारा तिमीहरूले आफ्नो प्राण प्राप्त गर्नेछौ।", यूहन्ना १५:१७-२० "म तिमीहरूलाई यो आज्ञा दिँदछु, कि तिमीहरूले एक-अर्कालाई प्रेम गर। १८ "यदि संसारले तिमीहरूलाई घृणा गर्दछ भने, तिमीहरू जान, कि तिमीहरूलाई घृणा गर्न अघि त्यसले मलाई घृणा गरेको हो। १९ यदि तिमीहरू यस संसारका हुँदा हौ त संसारले तिमीहरूलाई आफन्त ठानी माया गर्नेथियो। तर तिमीहरू यस संसारका होइनौ। तिमीहरूलाई संसारबाट मैले चुनें, यसैकारण संसारले तिमीहरूलाई घृणा गर्दछ। २० मैले तिमीहरूलाई भनेको वचन याद राख, 'नोकर घरको मालिकभन्दा ठूलो हुँदैन।' तिनीहरूले मलाई सताए भने तिमीहरूलाई पनि सताउनेछन्। तिनीहरूले मेरो वचन पालन गरे भने तिमीहरूको वचन पनि पालन गर्नेछन्।" र यूहन्ना १६:१-३ " "तिमीहरूले ठोकर नखाओ भनेर नै मैले यी कुरा तिमीहरूलाई भनेको हुँ।२ तिनीहरूले तिमीहरूलाई सभाघरहरूबाट निकालिदिनेछन्। वास्तवमा यस्तो समय आइरहेछ, जब तिमीहरूलाई हत्या गर्नेले परमेश्वरको सेवा गर्दैछु भनी ठान्नेछ।३ तिनीहरूले यी काम गर्नेछन्, किनभने तिनीहरूले पितालाई चिनेका छैनन्, र मलाई पनि चिन्दैनन्।"

बप्तिस्मा लिनुभन्दा पहले सबैले यो बुझ्नु अत्यन्त आवश्यक छ कि ख्रीष्ट आफैले सबैलाई आआफ्नो क्रुस बोकाउनुभएको छ। क्रुसबिना कोही पनि येशूका भक्त वा चेला हुन सक्दैन। के त्यसले

ख्रीष्टलाई विश्वास गरेर हुने आनन्दतालाई ओझेलोमा पार्दछ र? के येशूलाई विश्वास गर, सबै थोक ठिक हुन्छ र समस्याहरू आउँदैन भनेर सापती आश्वासन दिंदा मानिसहरूको आनन्दलाई बढाउँछ र? यो सत्य हो येशूमा धर्मान्तर हुने वा येशूमाथि आस्था राख्ने व्यक्तिले पापको बोझदेखि स्वतन्त्र हुन्छ। तर येशूभक्त हुँदा चुकाउनु पर्ने मोलबाट त्यसले छुटकारा दिंदैन। येशूका अनुयायीहरूले निर्वाह गर्नुपर्ने जिम्मेवारीबाट उनीहरूलाई हटाइन्दैन। ख्रीष्टको नाउँ लिने र बप्तिस्मा लिएर येशूसँग प्रतिवद्धता देखाउने प्रत्येक अनुयायीहरूले यो थाहा पाउनुपर्छ कि चेलाहुनुसँगै मोल पनि तिर्नुपर्छ। तर ख्रीष्टले दिनुहुनेको अगाडी यस संसारले के दिन सक्छ र? केही पनि दिन सक्दैन।

**तपाईंले अन्तिम पटक क्रुस कहिले बोक्नुभएको थियो? त्यसको अनुभव कस्तो थियो? त्यसबाट तपाईंले के सिक्नुभयो जसले गर्दा इसाई जीवनमा चुनौती भोगिरहेकाहरूलाई तपाईंले सान्त्वना र मद्दत दिन सक्नुहुन्छ?**

## ३. प्रश्नहरूलाई मर्यादित र अनुशासित ढङ्गले जवाफ दिनु (लूका १४:३१-३३)

बाइबलले येशूभक्तको जीवन कस्तो हुनुपर्छ भनेर जताततै उल्लेख गरिएको छ। देहायका पदहरू केवल केही उदाहरणहरूमात्र हुन्। ती पदहरू पढ्नुहोस् र तपाईंको जीवनमा त्यहाँ व्यक्त गरिएका वचनहरूलाई के तपाईंको जीवनमा सार्थक बनाउनुभएको छ? सो गहिरिएर सोच्नुहोस्। लूका १३:३१-३५ "कुन राजा होला जसले अर्को राजासँग लड़ाइँ गर्न जाँदा आफ्नो साथ भएका दश हजारले त्यसको विरुद्ध आउने बीस हजारसँग लड़ाइँ गर्न सक्छु कि सक्दिनँ भनी पहिले बसेर सल्लाह गर्दैन? ३२ तिनले नसक्ने हो भने, त्यो अर्को राजा टाढ़ै हुँदा मिलापको शर्त सोध्न राजदूत पठाउनेछ। ३३ यसकारण तिमीहरूमध्ये जसले आफूसित भएका सबै थोक त्याग्दैन, त्यो मेरो चेला हुन सक्दैन। ३४ "नून असल हो, तर नून अलिनो भयो भने केले त्यो नुनिलो हुने? ३५ त्यो न त जमिनको निम्ति न खादको निम्ति काम लाग्ने हुन्छ। मानिसहरूले त्यसलाई मिल्काइदिन्छन्।जसको सुन्ने कान छ, त्यसले सुनोस।", १ कोरन्थी ९:२४-२७ "के तिमीहरूलाई थाहा

छैन, दौड़मा दगुर्नेहरू सबै दगुर्छन्, तर इनामचाहिँ एउटैले मात्र पाउँछ? तिमीहरू इनाम प्राप्त गर्ने किसिमले दौड। २५ खेलमा भाग लिने खेलाडी सबै थोकमा आत्मसंयमी हुनुपर्छ। तिनीहरू नष्ट भएर जाने मुकुट पाउनलाई यसो गर्दछन्, तर हामीचाहिँ अविनाशी मुकुट पाउनलाई यसो गर्दछौं। २६ यसकारण लक्ष्य नराखी म दगुर्दिनँ। हावामा मुक्का हान्नेले जस्तै म मुक्का हान्दिनँ। २७ तर म आफ्नो शरीरलाई कठोरतासाथ सधाउँछु, र यसलाई वशमा राख्तछु, नत्रता अरूहरूलाई प्रचार गरेपछि म आफैचाहिँ अयोग्य ठहरिनेछु।", हिब्रू १२:१-४ “यसकारण यतिका साक्षीहरूको ठूलो बादलले हामीलाई घेरिराखेको हुनाले, हरकिसिमका बोझा र हामीलाई सजिलैसित अल्झाउने पापलाई पन्छाएर हाम्रा सामुन्ने राखिदिएको दौड धैर्यसाथ दौडौं। २ हाम्रा विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केहीजस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ। ३ पापीहरूबाट उहाँको विरुद्धमा भएका यतिका विवादहरू सहनुहुनेलाई विचार गर, र तिमीहरू शिथिल नहोओ, अनि हरेस नखाओ। ४ पापको विरुद्धमा तिमीहरूले गरेका सङ्घर्षमा रगत बगाउनुपर्ने अवस्थासम्म तिमीहरू पुगेका छैनौ।" र २ पत्रुस १:५-११ “ यसैकारण सबै किसिमका प्रयत्नद्वारा तिमीहरूको विश्वासमा सद्‌गुण र सद्‌गुणमा ज्ञान थप, ६ ज्ञानमा आत्मसंयम, आत्मसंयममा धैर्य, धैर्यमा भक्ति, ७ भक्तिमा भातृ-स्नेह, भातृ-स्नेहमा प्रेम थप। ८ किनकि यी कुराहरू तिमीहरूमा प्रशस्त छन् भने हाम्रा प्रभु येशू ख्रीष्टको ज्ञानमा यी कुराहरूले तिमीहरूलाई बेकम्मा र निष्फल हुनदेखि बचाउनेछन्। ९ किनकि यी कुराहरूमा अभाव भएको मानिसचाहिँ पुराना पापहरूबाट शुद्ध भएको कुरा बिर्सेर अन्धा र टाढ़ाका कुरा नदेख्नेजस्तो हुन्छ। १० यसैकारण भाइ हो, तिमीहरूको बोलावट र चुनाउ निश्चय गर्नलाई अझ जोशिला होओ, किनकि यी कुरा गर्नाले तिमीहरू कहिल्यै लोट्नेछैनौ। ११ किनभने यसरी हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनन्त राज्यभित्र तिमीहरूलाई भव्य स्वागतसाथ प्रवेश मिल्नेछ।"

येशूभक्त हुन वा यथार्थमा येशूको चेला हुन अनुशासनको मोल चुकाउनु पर्दछ। हामीले गरेका प्रत्येक कल्पना वा सोचविचार, लक्ष्य

वा सपना र प्रत्येक चाहना वा आकाँक्षाहरू ख्रीष्टमा सुम्पनुपर्दछ। हामीसँग जे छ, हामीहरूमा भएका प्रत्येक दक्ष वा प्रतिभा, हामीमा भएका कुनै पनि खूबी र मूल्यवान थोकहरू ती सबै ख्रीष्टको मातहतमा राखी उहाँको निर्देशनमा चलाउनु पर्दछ। जुन कुरो हामीले उहाँलाई सुम्पन सक्दैनौं त्यो हाम्रो निम्ति देउता वा आदर्श वस्तु हुन जान्छ। त्यो आइडल वा पूजनिय हुन जान्छ। त्यसले गर्दा हामीलाई ठीक बाटोमा हिंडाउनबाट बरालिदिन सक्छ। हामीमा भएका चरित्र र स्वभावका कमजोरहरूलाई निर्मूल गर्न वा तिनीहरूलाई नियन्त्रण गर्न बल दिने प्रतिज्ञा येशूले हामीहरूलाई दिनुभएको छ। प्रत्येक अभिलाषा, चाहना, भोक, भावना वा जोश र नियतहरूलाई पवित्र आत्माको अगुवाइमा चलाउन सकिन्छ। पावलले माथिको पदमा प्रयोग गरेका पदहरूमा उल्लेखित उदाहरण हेर्नुहोस्। कोही पनि डगुर्ने खेलाडी बिस्तारै डगुर्न चाहँन्दैन। उफ्रिन र फ्याँक्न तालिम पाएका खेलाडीहरूले आफ्नो लक्ष्य भन्दा कम न त उफ्रन चाहन्छ न त फैंक्न चाहन्छ। त्यही रितिले कुनै पनि विश्वासी आफ्नो बिश्वासमा पछि पर्नुहुन्न। उसले पछाडी फर्केर विगतको जीवनको मार्गले थिचाउन दिनुहुन्न्। विशेष गरेर हामीहरू अनन्त जीवनको निम्ति दौगुरीरहेकाछौं भने कसरी दगुर्ने भनेर हामी हाम्रो दौडमा सजग हुनुपर्दछ।

"जुन कुरोले आफ्नो शरीरलाई कमजोर पार्छ त्यसलाई दोडमा भाग लिनेहरूले छोड्दछ। तिनीहरू गम्भिर भएर आफ्नो शरीरलाई बसमा राखेर निरन्तररूपमा आफ्नो शरीरलाई तालिम दिन्छ। तिनीहरूका माँशपेशीहरूलाई यस्तरी ठेगानामा लगाउँछ कि जब प्रतिस्पर्धामा दौड्ने समय हुन्छ तब आफ्ना सबै शक्तिलाई एकत्रित पारेर दौगुर्दछ। इसाईहरूले पनि त्यही निति अपनाउन कतिपको जरूरी छ होला विशेष गरेर अनन्त जीवनमा पस्ने दौरानमा? येशूभक्तहरूले प्रत्येक भोक, अभिलाषा, रूची र अनुराग वा जोशलाई परमेश्वरमा सुम्पेर नियन्त्रण गर्नुपर्छ। संसारको रहर, आकर्षण र आराममामात्र येशूभक्तहरूले आफ्नो ध्यान केन्द्रित गर्नुहुन्न। आफ्नो सबै बानीव्यहोरा, स्वभाव र अभिरुचीहरूलाई कडा भन्दा कडाईका साथ अनुशासनमा राख्नुपर्दछ। परमेश्वरको वचनमा दिएका विद्या र पवित्र आत्माको अगुवाइमा प्रत्येक येशूभक्तले आफ्नो जीवनको डोरीलाई सम्हाल्नु पर्छ।

आफ्नो शरीर वा जीवनलाई नियन्त्रण गर्ने काम केवल कुनै समयमा मात्र नभएर हरदम गरिरहनुपर्दछ।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. ३११बाट रूपान्तरित।

**४येशूको पछि लाग्दा चुकाउनु पर्ने मोलको हिसाबको बारेमा सोच्नु (फिलिप्पी २:३)**

कुनै मानिसले व्यापार गर्न योजना बनाउँछ। त्यस योजनामा लाग्ने खर्च र त्यसबाट आउने आम्दानीको हिसाब त्यस व्यापारीले पहिला गरेको हुन्छ। खर्च अनुसार वा लगानी गरेको अनुसार फाइदा हुन्छ कि हुँदैन भनेर उक्त व्यापारीले सोच्दछ। फेरि लगानी गर्नको निम्ति गरेको प्रस्तावलाई कार्यान्वन गरियो भने त्यसले निरन्तररूपमा कहिलेसम्म फाइदा दिन सक्छ भनेर बिचार गर्दछ। त्यसरी नै येशूभक्तहुँदा पाउने इनाम पनि कतिसम्म मोल चुकाउन सक्छ त्यसँग तुलना गर्न सक्दछ। येशूलाई पछ्याउँदा चुकाउनु पर्ने मोलहरू धेरै हुनसक्छ जस्तैः भावात्मक पिडा, सामाजिक त्याग वा समाजबाट बहिष्कार, शारीरिक यातना, आर्थिक घाटा, जेलनेलको सजायँ, र अकालमै मारिनु पर्ने स्थिति आदि। प्रत्येक व्यक्ति जो येशूको सच्चा भक्त हुन चाहन्छ त्यसले आफ्नो सम्पूर्ण जीवनलाई कतिको लगानी गर्नुपर्छ त्यसमा पहिला सोचबिचार गरेर मात्र उहाँको पछि लाग्नुपर्छ (नत्र सापती आश्वासनको भरमा चर्चमा आउने वा क्रिश्चियन बन्ने प्रवृत्ति भयो भने त्यस्ता मानिसहरूले परमेश्वरको बेइज्जत गर्दछ, चर्चको बदनाम गर्दछ र संम्पूर्ण येशूभक्तहरूको अनुहारमा कलङ्क लगाइदिन्छ)।

**येशूलाई विश्वास गर्दा वा इसाई हुँदा चुकाउनु पर्ने केही मोल देहाएका पदहरूले बताउँदछन्ः मत्ती १८:८,९ "तिम्रो हात वा खुट्टाले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई काटी मिल्काइदेऊ। दुवै हात वा दुवै खुट्टासाथ अनन्त आगोमा फालिनुभन्दा त बरु लुलो वा लङ्गडो भएर जीवनभित्र पस्नु तिम्रो निम्ति असल हुन्छ। ९ तिम्रो आँखाले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई निकालेर फालिदेऊ। दुवै आँखासाथ नरकको आगोमा फालिनुभन्दा त बरु कानो भएर जीवनभित्र पस्नु तिम्रो निम्ति असल हुन्छ।", लूका ६:३५,३६ "आफ्ना**

शत्रुहरूलाई प्रेम गर, र तिनीहरूको भलाइ गर। फेरि पाउने आशा नराखी ऋण देओ, र तिमीहरूको इनाम ठूलो हुनेछ, अनि तिमी सर्वोच्चका सन्तान ठहरिनेछौ, किनकि उहाँ बैगुनी र स्वार्थीमाथि कृपालु हुनुहुन्छ। ३६ तिमीहरूका पिता कृपालु हुनुभएझैं, तिमीहरू पनि कृपालु होओ।" र फिलिप्पी २:३ " स्वार्थ वा अहङ्कारमा केही नगर, तर नम्रतामा एउटाले अर्कालाई आफूभन्दा श्रेष्ठ ठान।"

येशू नितिमा चलेर उहाँको पछि लाग्दा के फाइदा हुन्छ सो देहायका पदहरूले बताउँदछन्: लूका १८:२८-३० "तब पत्रुसले भने, "हेर्नुहोस्, आफ्नो घरद्वार छोड़ेर हामी तपाईंको पछि लागेका छौं।" २९ तब उहाँले तिनीहरूलाई भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, जसले घर वा पत्नी, वा दाजुभाइ वा आमा-बुबा, अथवा छोराछोरीलाई परमेश्वरका राज्यको निम्ति त्याग्छ, ३० त्यसले यसै समयमा धेरै बढ़ी प्रतिफल पाउनेछ र आउने युगमा अनन्त जीवन प्राप्त गर्नेछ।", यूहन्ना १४:१-३ "तिमीहरूको हृदय व्याकुल नहोस्। तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर। २ मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्। त्यसो नभए, के म तिमीहरूलाई भन्नेथिएँ र, कि तिमीहरूका निम्ति ठाउँ तयार पार्न म गइरहेछु? ३ अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ।" र प्रकाश २२:१-५ "तब तिनले मलाई स्फटिकजस्तै चहकिलो जीवनका पानीको नदी देखाए। त्यो नदी परमेश्वरको र थुमाको सिंहासनबाट निस्की २ त्यस सहरका सड़कको बीचबाट बगिरहेको थियो। त्यस नदीका किनारमा जीवनको वृक्ष थियो, जसले हरेक महिना बाह्रै किसिमका फलहरू दिइरहन्थ्यो। त्यसका पातहरूचाहिँ जाति-जातिहरूलाई निको पार्नका निम्ति थिए।३ अबदेखि उसो त्यहाँ कहिल्यै सराप हुनेछैन। परमेश्वर र थुमाको सिंहासन त्यहाँ हुनेछ, र उहाँका दासहरूले उहाँको आराधना गर्नेछन्। ४ तिनीहरूले उहाँको मुहार देख्नेछन्, र उहाँको नाउँ तिनीहरूका निधारमा हुनेछ। ५ त्यहाँ फेरि रात हुनेछैन, तिनीहरूलाई बत्ती वा घामको उज्यालो चाहिनेछैन, किनकि परमप्रभु परमेश्वर नै तिनीहरूको उज्यालो हुनुहुनेछ, र तिनीहरूले सदासर्वदै राज्य गर्नेछन्।"

येशूख्रीष्टलाई पछ्याएर उहाँको सच्चा भक्त हुँदा ठूलो मुल्य चुकाउनुपर्दछ भन्ने कुरामा कसैले प्रश्न गर्ने ठाउँ छैन। यथार्थमा भन्ने हो भने संसारमा कसैको पछि लाग्नु भन्दा येशूको पछि लाग्दा सब भन्दा बढि मोल तिर्नुपरेको इसाई इतिहासले देखाउँदछ। त्यसकारण कोही इसाई हुन्छु भनेर त्यसमा कदम चाल्नु भन्दा पहिले वा धर्मान्तर हुन खोज्नु भन्दा पहिले कस्तो मोल चुकाउनुपर्छ भन्ने कुरामा ध्यान दिनु अत्यन्त आवश्यक छ। येशूलाई पछ्याउँदा सबै थोक गुमाउनु पर्ने पनि हुनसक्छ।

एउटा कुरा त निश्चित छः यस संसारमा हामीले जे पाएतापनि, जे काम गरेतापनि, हाम्रो जीवनलाई जे गरेर माथि उचालेतापनि, जतिसुकै मैहुँ भनेर धाक देखाएतापनि ती सबै क्षणिक मात्र हुन्। आगोमा जलेको घाँस जस्तो ती सबै अलप भएर जानेछन्।

तर येशूबाट पाउने फाइदा अनन्त जीवन हो। त्यो जीवन नयाँ स्वर्ग र नयाँ पृथ्वीमा हामीले पाउने छौं। संसारले मानिसलाई ठूलो ठूलो सम्मान गर्ला, चाहेजति सबै थोक देला, कुनै कुरामा अभाव पनि नहोला तर परमेश्वरले हाम्रो निम्ति दिन्छु भनेर कबूल गर्नुभएको अगाडी तिनीहरू केही पनि होइन। त्यो पनि उहाँले दिनुहुने अनन्त जीवनको इनाम कहिल्यै पनि नाश हुने छैन।

सारा मोजमज्जा, आनन्द र असल थोकहरू यस संसारमा उपलव्ध भएको कुरामा सोच्नुहोस्। ख्रीष्टसँग अनन्त जीवन बिताउनेको अगाडी ती के हुन् र? सांसारिक उपलव्धीहरू र ख्रीष्टमा पाउने जीवनलाई तुलनात्मक रूपमा हेरेर कसलाई रोज्ने भन्ने कुरालाई हामीले किन सम्झिरहनुपर्दछ? त्यो सम्झन पनि किन आवश्यक छ?

## ५ उत्तम पुनरुत्थान (हिब्रू ११:३२-१२:४)

**येशूलाई सच्चा रूपमा उहाँसँग र कसैसँग खेलवाड नगरि पछ्याउँदा कस्तो मोल चुकाउन राजी हुनुपर्छ र त्यसबाट कुन् इनाम हामी पाउँछ भनेर हिब्रू ११:३२-१२:१३लाई ध्यानपूर्वक पढ्नुहोस्: " अरू बढ़ी म के भनूँ? किनकि गिदोन, बाराक, शिमशोन, यिप्ताको बारेमा, र दाऊद, शमूएल र अगमवक्ताहरूका विषयमा भनिरहन मलाई समय छैन– ३३ जसले विश्वासद्वारा राज्यहरू कब्जा गरे, न्याय स्थापना गरे, प्रतिज्ञाहरू**

हासिल गरे, सिंहका मुखहरू थुनिदिए, (दान ६:१-२७) ३४ आगोका ज्वालाहरू निभाए, तरवारका धारबाट उम्के, कमजोरीबाट बलिया भए, युद्धमा वीर भए, विदेशीहरूका फौजलाई भगाए। (दान ३) ३५ स्त्रीहरूले आफ्ना मरेकाहरूलाई पुनरुत्थानद्वारा जीवित पाए। अरूहरूले मृत्युपछि अझ उत्तम जीवन प्राप्त गर्नलाई छुटकारा इन्कार गरेर बरु सास्ती भोगे। (१ राज १७:१७-२४, २ राज ४:२५-३७) ३६ अरूहरूले गिल्ला, कोर्राबाजी, बन्धन र कैद पनि भोग्नुपर्‍यो। (१ राज २२:२६-२७ २ इति १८:२५-२६ ...) ३७ तिनीहरूलाई ढुङ्गाले हाने। तिनीहरू करौंतीले चिरिए। तिनीहरू तरवारले मारिए। भेड़ा र बाख्राका छालाहरू लाएर कङ्गाल भई क्लेश र दुःख पाएर तिनीहरू यताउता डुलिहिँड़े। (२ इति २४:२१) ३८ संसार तिनीहरूका निम्ति योग्यको थिएन। मरुभूमि, पहाड़हरू, गुफाहरू र पृथ्वीका ओड़ारहरू हुँदो तिनीहरूलाई घुमिहिँड्नुपर्‍यो। ३९ तिनीहरू सबैले आफ्ना विश्वासको निम्ति ठूलो प्रशंसा पाए, तर प्रतिज्ञा गरिएका कुराचाहिँ पाएनन्। ४० परमेश्वरले हाम्रा लागि अझ असल योजना राख्नुभएको थियो, ताकि हामीसँग मात्रै तिनीहरू सिद्ध तुल्याइऊन्।" " यसकारण यतिका साक्षीहरूको ठूलो बादलले हामीलाई घेरिराखेको हुनाले, हरकिसिमका बोझा र हामीलाई सजिलैसित अल्झाउने पापलाई पन्छाएर हाम्रा सामुन्ने राखिदिएको दौड धैर्यसाथ दौडौं। २ हाम्रा विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केहीजस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ। ३ पापीहरूबाट उहाँको विरुद्धमा भएका यतिका विवादहरू सहनुहुनेलाई विचार गर, र तिमीहरू शिथिल नहोओ, अनि हरेस नखाओ। पापको विरुद्धमा तिमीहरूले गरेका सङ्घर्षमा रगत बगाउनुपर्ने अवस्थासम्म तिमीहरू पुगेका छैनौ। ५ के तिमीहरूले अर्तीका ती वचन भुलेका छौ जसले तिमीहरूलाई पुत्रहरू भनी सम्बोधन गरेको छ? (अयू ५:१७ हितो ३:११-१२) "हे मेरो पुत्र, परमप्रभुको ताड़नालाई हलुका नसम्झ, उहाँबाटको दण्डमा हरेस नखाऊ, ६ किनभने जसलाई परमप्रभुले प्रेम गर्नुहुन्छ त्यसैलाई ताड़ना दिनुहुन्छ, र आफूले ग्रहण गर्नुभएको हरेक छोरालाई उहाँले दण्ड दिनुहुन्छ।" ७ ताड़नाको निम्ति नै तिमीहरू कष्ट सहन्छौ। परमेश्वरले तिमीहरूसँग

छोरालाई झैं व्यवहार गर्नुहुन्छ। किनकि बाबुले ताड़ना नदिएको कुनचाहिँ छोरा हुन्छ र? ८ तर यदि सबै जना सहभागी भएको त्यो ताड़ना तिमीहरूले पाएका छैनौ भनेता तिमीहरू आफ्ना बाबुका खास छोराहरू होइनौ, तर व्यभिचारमा जन्मेका छोराहरू हौ। ९ यसबाहेक हामीलाई ताड़ना दिने हाम्रा शारीरिक बुबा थिए, र हामीले तिनको आदर गऱ्यौं। के झन् बढ़ी हाम्रा आत्माका पिताको अधीनमा बसेर हामीले जीवन प्राप्त गर्दैनौं र? १० किनकि तिनीहरूले असल ठानेबमोजिम केही दिन हामीलाई ताड़ना दिए। तर हामी उहाँका पवित्रताको सहभागी हुन सकौं भनेर हाम्रो फाइदाको निम्ति उहाँले ताड़ना दिनुहुन्छ। ११ सबै ताड़ना सुरुमा सुखद हुँदैन तर दुःखदायी हुन्छ, तर ताड़नाद्वारा तालीम पाएकाहरूका लागि यसले पछि धार्मिकताको शान्तिपूर्ण फल उत्पन्न गराउँछ।१२ यसकारण लत्रेका हातहरू उठाओ, र दुर्बल घुँड़ाहरू बलिया बनाओ। (यशै ३५:३) १३ तिमीहरू हिँड्ने बाटो सोझो बनाओ, ताकि लङ्गड़ो गोडा नखुस्कोस्, तर निको होस्। "

कस्तो मनै छेडिने बिचारहरू उपरोक्त पदहरूमा व्यक्त गरिएका छन्! “स्त्रीहरूले आफ्ना मरेकाहरू जिउँदै पाए। मरेकाहरूले फेरि पुनरुत्थान भए (मानिस मरेपछि कुनै अवतार वा कुनै अर्को जीव जन्तु आदि भएर जन्म लियो भन्ने धार्मिक विद्यालाई बाइबलले सरासर अश्वीकार गर्दछ)। कतिपयले महाकष्ट पाउन लगाएका थिए। तर तिनीहरू आफ्ना कष्टहरूबाट छुटकारा हुन अश्वीकार गरे। तिनीहरू किन मर्न तयार भए भने तिनीहरूलाई यकिन थियो कि तिनीहरू मरेपछि उत्तम जीवनको निम्ति पुनरुत्थान हुनेछ।" (हिब्रू ११:३५ रूपान्तरित)।

येशूभक्त हुनु वा येशूका चेला हुनु र अरूलाई येशूभक्त बनाउनुको अन्तिम लक्ष्य एउटै हो: “उत्तम जीवनको निम्ति पुनरुत्थान गराउने।" हामी येशूको पछि लाग्छौं किनभने येशूमा मुक्ति र नयाँ पृथ्वीमा नयाँ जीवनको कबूल र आशा हामीलाई दिइएकोछ। त्यो नयाँ जीवनमा पाप, दुःख, कष्ट, अन्याय, अधर्म र मृत्यु हुँदैन। येशूख्रीष्टको जीवन, मृत्यु, पुनरुत्थानले र स्वर्गमा मूल पूजारी भएर हाम्रो निम्ति पहल गरिरहनुभएको हुनाले हामीलाई अनन्त जीवनको महान् आशा र प्रतिज्ञा उपलव्ध गराइएको छ। त्यसैकारणले हामीले अरूलाई पनि त्यही

आशा र प्रतिज्ञातरि अरूलाई औंल्याउँछौं। अन्तमा जब येशू र शैतानको बीचमा भइरहेको महान् मतभेदको संग्रामको अन्त्य हुन्छ तब हामी कि त पहिलो पुनरुत्थानमा सहभागी हुनेछौं कि त दुष्टहरूसँग सदाको निम्ति अस्तित्व नहुन नाश हुनेछौं। तर कुनचाहिँ उत्तम छ भन्ने कुरामा अहिल्यै नै हामी निश्चय हुनै पर्छ। अरूलाई हामीले रोजेको अनन्तको बाटो जुन् अति उत्तम छ त्यतातिर अरूलाई पनि दोऱ्याउनु हाम्रो धर्म र कर्तव्य हो।

फसल पाकिसकेको छ। लाखौं मानिसहरू येशूख्रीष्टमा आउन सकुन् भनेर आह्वान गरियोस् भनेर पर्खिरहेकाछन्। सुसमाचार र प्रकाश १४मा दिएको तिन स्वर्गदूतका सन्देशहरूले हामी सेभेन्थ-डे एडभेन्टिस्टहरू आशिषित भएका छौं। कुन् मार्गमा हिँड्ने? अनन्त जीवनको कि अनन्त मृत्यु सो चुनोस भनेर यस संसारमा सतर्क गराउने अन्तिम सन्देश परमेश्वरले दिनुभएको छ। हामीहरूले अति नै मनपराएका ती सत्यहरूलाई के गरिरहेकाछौं? त्यसकारण हृदयलाई छामेर हामी सोधौं: परमेश्वरको सुसमाचार सुनाउने असली मानिसहरू खोइ? ख्रीष्टको साथमा रहेर जुनसुकै जोखिमको सामना गर्नुपरेतापनि अरूलाई सुसमाचार बाँड्ने काममा सहभागी हुने येशूभक्तहरू कहाँ छन्? के चेला हुन र अरूलाई चेला बनाउने पुण्य काममा सहभागी हुन गरिएको आह्वानलाई तपाईंले सहस्र स्वीकार गर्न चाहनुहुन्छ? के तपाईं अरूलाई येशूको सुसमाचार सुनाउन जुनसुकै मोल तिर्नुपरेतापनि तयार हुनुभएको छ?

**पहिलो हुने पुनरुत्थान र दोस्रो हुने पुनरुत्थानको बारेमा सोच्नुहोस्। तपाईंको निम्ति त्यसको अर्थ के हो? उत्तम पुनरुत्थानमा भाग लिन र अरूलाई पनि भाग लिन लगाउनु भन्दा बेस अरू के होला र?**

## उपसंहार

**थप जानकारी:** एलेन जी ह्वाइटद्वारा लिखित *द आक्टस अभ आपोस्टल्सको* पृ. २१९,२२०को “इन द रिजन बियोन्ड" र पृ. २४१,२४२को “बेरिया आण्ड एथेन्स।" पढ्नुहोस्।

"परमेश्वरले आकाशबाट आगो पठाउनुहुन्छ। सारा पृथ्वी धुजा धुजा हुन्छ। जमिनमुनी लुकाइराखेका सारा हतियारहरू उदाङ्ग हुन्छन्। बिनाशकारी आगोका ज्वालाहरू पृथ्वीका प्रत्येक प्वालबाट फुटेर निस्कन्छ। चट्टानहरू पनि आगोको ज्वालाले दन दन बलिरहेको हुन्छ। त्यो दिन आएको छ जब पृथ्वी आगोको भट्टी जस्तै जल्नेछ। आगोको तापले पृथ्वीमा भएका यावत थोकहरू र मानिसको पुरुषार्थले बनाएका सबै थोकहरू पनि पग्लेर जानेछ (मली ४:१, २ पत्रुस ३:१०)। पृथ्वीको सतह आगोको ठूलो पोखरी जस्तो देखिनेछ। "सियोनको सुरक्षाको निम्ति र उहाँका विरोधीहरूको बदला लिन परमेश्वरले दिन र वर्ष तोक्नुभएको छ।" (यशैया ३४:८)।

"यसै पृथ्वीमा दुष्टहरूले तिनीहरूको इनाम पाउनेछ। हितोपदेश ११:३१। तिनीहरू पराल जस्तै हुनेछ। जुन खराब र दुष्ट काम गर्छ तिनीहरू पनि भुस जस्तै हुनेछ। सबैमाथि राज गर्नुहुने परमेश्वरले भन्नुहुन्छ कि त्यो दिन आउने छ जब ती सबै दुष्टहरू आगोमा फैंकिनेछ।" मलाकी ४:१। कुनै तुरन्तै नाश हुन्छ भने कोही धेरै दिनसम्म कष्ट पाइरहनेछन्। तिनीहरूको काम अनुसार सबैलाई सजायँ दिइनेछ।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ६७२, ६७३बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. येशूलाई विश्वास गरेकोले आफ्नो ज्यान गुमाउनुपरेको इसाई क्षेत्रको प्रशिद्ध लेखक *द कस्ट अभ डिसाइपलशीप* भन्ने लोकप्रिय पुस्तक लेखेका थिए (न्यु योर्कः कलिन्स, १९६३)। उनको पुस्तकबाट केही मनतव्यहरू तल उद्धृ गरिएका छन्। यस अध्यायमा छलफल गरेका विषयवस्तुसँग उनका ती अभिव्यक्तहरू कसरी मिल्दछन्, सोच्नुहोस्।

आ. "पुरानो जीवन पछाडि छोड्यौं।अगाडिको जीवन पूर्ण रूपमा परमेश्वरमा अर्पित गरिएको छ। येशूभक्तलाई उसको आनन्दमय र सुरक्षित जीवनबाट तानेर पूरै असुरक्षित सत्यमा जाकिदिएको छ। तर त्यहाँबाट येशूको सङ्गतिमा पूर्ण सुरक्षा दिइएको छ।"-पृ. ६२,६३ रूपान्तरित।

इ. “यदि हामी येशूलाई पछ्याउन चाहन्छौं भने हामीले केही ठोस कदमहरू चाल्नै पर्छ। पहिलो कदम त जब येशूले उहाँकहाँ आउन आह्वान गर्नुहुन्छ तब त्यसलाई स्वीकार गरी विगतका जीवनबाट अलग भएर उहाँको भक्त हुनु।"-पृ. ६६,६७बाट रूपान्तरित।

ई. “प्रत्येक येशूभक्त वा इसाईको पिठ्युँमा क्रुस बोकाइदिएको हुन्छ। येशूले पहिला कष्ट भोग्नुभयो ताकि प्रत्येक मानिसले उहाँको आवाज सुन्नेवित्तिकै संसारको सबै थोक छोडोस्। जब येशूख्रीष्टले मानिसलाई बोलाउनुहुन्छ उहाँकहाँ आउन र मर्न बोलाउनुहुन्छ।"-पृ. ९९बाट रूपान्तरित।